आज मिति २०७७/०२/०१ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोकका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालको अध्यक्षतामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को परिच्छेद ७ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको बैठक देहायका पदाधिकारी एवं प्रतिनिधिहरुको उपस्थितिमा बसी निम्नानुसार गर्ने निर्णय गरियो ।

**उपस्थिती:-**

| सि.नं. | पद | नाम,थर | कार्यालयको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | प्र.जि.अ एवं अध्यक्ष | उमेश कुमार ढकाल | जिल्ला प्रशासन कार्यालय | |
| २. | जि.स.स. प्रमुख | कृष्ण गोपाल तामाङ | जिल्ला समन्वय समिति | |
| ३. | नगर प्रमुख | अमान सिं तामाङ | चौतारा साँगाचोकगढी नगरपालिका | |
| ४ | नगर प्रमुख | निम्फुन्जो शेर्पा | वाहविसे नगरपालिका | |
| ५ | नगर प्रमुख | डम्बर बहादुर अर्याल | मेलम्ची नगरपालिका | |
| ६ | अध्यक्ष | होमनारायण श्रेष्ठ | जुगल गाउँपालिका | |
| ७ | अध्यक्ष | वंशलाल तामाङ | ईन्द्रावती गाउँपालिका | |
| ८ | अध्यक्ष | राजकुमार पौडेल | भोटेकोशी गाउँपालिका | |
| ९ | अध्यक्ष | कमल नेपाल | लिसंखुपाखर गाउँपालिका | |
| १० | अध्यक्ष | भुपेन्द्र श्रेष्ठ | त्रिपुरासुन्दरी गाउँपालिका | |
| ११ | अध्यक्ष | श्रवण कुमार जि.सी. | सुनकोशी गाउँपालिका | |
| १२ | अध्यक्ष | केदार क्षेत्री | बलेफी गाउँपालिका | |
| १३ | अध्यक्ष | निमा ग्याल्जेन शेर्पा | हेलम्बु गाउँपालिका | |
| १४ | अध्यक्ष | टासी लामा | पाचपोखरी थाङ्पाल गा.पा. | |
| १५ | अध्यक्ष तथा प्रतिनिधी | [illegible] नेपाल | नेपाल कम्यूनिष्ट पार्टी(ने.क.पा ) | |
| १६ | सभापती वा प्रतिनिधी | [illegible] तामाङ | नेपाली कांग्रेस | |
| १७ | अध्यक्ष वा प्रतिनिधी | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १८ | प्रमुख सेनानी | सुशील महत | गोरख बक्स गण | |
| १९ | प्र.उ | प्रज्वल महर्जन | जिल्ला प्रहरी कार्यालय | |
| २० | श.प्र.उ | राजु पाण्डे | शसस्त्र प्रहरी बल नेपाल | |
| २१ | प्र.अ.अ | अरुण कार्की | राष्ट्रिय अनुसन्धान जि.का. | |
| २२ | का.प्र | दुर्गादत्त चापागाई | स्वास्थ्य कार्यालय | |
| २३ | नि.मे.सु. | अमित प्रजापति | चौतारा अस्पताल | |
| २४ | जि.स.अ. | महेन्द्रनाथ भट्टराई | जि.स.स.को कार्यालय | |
| २५ | प्र.प्र.अ | कृष्ण प्रसाद पाण्डे | चौतारा साँगाचोकगढी न.पा. | |
| २६ | प्र.प्र.अ | कुमार प्र. कोईराला | मेलम्ची नगरपालिका | |
| २७ | प्र.प्र.अ | फणिन्द्र प्रसाद पौडेल | वाहविसे नगरपालिका | |
| २८ | प्र.प्र.अ | श्रीकृष्ण पौडेल | ईन्द्रावती गाउँपालिका 9851210013 | |
| २९ | प्र.प्र.अ | मोहन प्रसाद निरौला | भोटेकोशी गाउँपालिका | |
| ३० | प्र.प्र.अ | लोक बहादुर वि.क. | जुगल गाउँपालिका | |
| ३१ | प्र.प्र.अ | शैलेन्द्र कुमार भण्डारी | बलेफी गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | प्र.प्र.अ | वीर बहादुर बस्नेत | सुनकोशी गाउँपालिका | |
| ३३ | प्र.प्र.अ | पुर्णप्रसाद दुलाल | लिसंखुपाखर गाउँपालिका | |
| ३४ | प्र.प्र.अ | सुनिल निरौला | पाँचपोखरी थाङ्पाल गा.पा. | |
| ३५ | प्र.प्र.अ | भिमराज कोईराला | हेलम्बु गाउँपालिका | |
| ३६ | प्र.प्र.अ | गणेशराम पोखरेल | त्रिपुरासुन्दरी गाउँपालिका | |
| ३७ | सभापति | राजेन्द्रमान ताल्चाभडेल | नेपाल रेडक्रस सोसाईटी | |
| ३८ | मन्त्री | कमलचरण कक्षपति | नेपाल रेडक्रस सोसाईटी | |
| ३९ | केन्द्रिय सदस्य | राजेन्द्र शर्मा | गै.स.स. महासंघ | |
| ४० | अध्यक्ष वा प्रतिनिधि | बिदुर गिरी | पत्रकार महासंघ कोषाध्यक्ष | |
| ४१ | अध्यक्ष वा प्रतिनिधि | | उद्योग वाणिज्य संघ | |
| ४२ | सदस्य-सचिव | बाबुराम खनाल | जिल्ला प्रशासन कार्यालय | |
| ४३. | | बालकुमारी सापकोटा | जि. स. स. | |
| | उपाध्यक्ष | सुमना तामाङ | सुनकोशी गा.पा. | |
| ४४ | धन बा.क [illegible] | | जि.स.स. | |
| ४५ | ~~फणीन्द्र घिमिरे~~ | | | |
| ४६ | जि. स. स. सदस्य | सकुन्तला मैनाली | जि. स. स. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्णयहरु:-

१. COVID-19 को प्रकोप नेपालका विभिन्न जिल्लाहरुका साथै काठमाडौं उपत्यकामा समेत बिरामीहरु देखिएको सन्दर्भमा सिन्धुपाल्चोक जिल्लामा पनि जोखिम बढेको हुनाले जिल्लाका सम्पुर्ण प्रवेश विन्दुहरुमा अत्यावश्यक सेवा तथा ढुवानीका सामग्रीहरु बाहेकका सवारी साधनहरुलाई पुर्णरुपमा वन्देज लगाउने र अत्यावश्यक तथा ढुवानीका सवारी साधनहरुलाई नि:संक्रमण गरेर मात्र प्रवेश गराउन स्थानीयतहहरुलाई अनुरोध गर्ने ।

२. हाल जिल्लामा RDT Kit तथा VTMलगायतका स्वास्थ्य सामग्रीहरुको अभाव भएकोले आवश्यक सामग्री उपलब्धताको लागि स्वास्थ्य कार्यालयले सम्बन्धित निकायमा माग गर्ने ।

३. हाललाई जिल्ला बाहिरबाट आपुर्ति हुने तरकारी,फलफुल तथा माछा मासुजन्य खाद्य पदार्थहरुको आयातमा पुर्णरुपमा वन्देज लगाउने र स्थानीय उत्पादनको बजारीकरणमा जोड दिने ।

४. मानिसहरुको जुनसुकै समयमा अत्यधिक आवतजावतलाई नियन्त्रण गर्नको लागि अत्यावश्यक सेवा बाहेक खाद्यान्न, दैनिक उपभोग्य सामग्रीहरु, निर्माण सामग्रीहरु आदिलाई व्यक्तिगत स्वास्थ्य सुरक्षा विधि अपनाई, सामाजिक दुरी कायम गर्दै जिल्लाका मुख्य तथा सहायक बजारहरुमा विहान ६:०० बजेदेखि १०:०० बजेसम्म मात्र पसल खोल्न अनुमति दिने ।

५. जिल्लामा हाल सञ्चालित क्षेत्रीयस्तरका क्वारेन्टाईनहरुको क्षमता भन्दा बढी व्यक्तिहरु क्वारेन्टाईनमा राख्नु पर्ने अवस्था पनि आउन सक्ने कुरालाई मध्यनजर राख्दै मेलम्ची, बाहबिसे/लामोसाघु र चौतारा क्षेत्रमा थप १/१ वटा वैकल्पिक क्वारेन्टाईन कक्ष व्यवस्थापनको लागि स्थलगत अध्ययन गर्ने ।

६. जिल्लाका प्रवेश नाकाहरुमा चेकजाँच थप व्यवस्थित गर्न सुरक्षाकर्मीहरुको साथमा सम्बन्धित पालिकाबाट स्वयंसेवकहरु परिचालन गर्ने ।

७. जिल्लाभित्र विभिन्न स्थानहरुमा मानिसहरु भेला भई जुवातास, लुडो, क्यारमबोर्ड खेल्ने गरेको गुनासो आएकोले उपरोक्त क्रियाकलापहरु गरेको देखेमा नेपाल प्रहरीलाई जानकारी गराउन स्थानीयहरुलाई अनुरोध गर्ने र नेपाल प्रहरीबाट कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने ।

८. जिल्लाभित्र सञ्चालित एम्बुलेन्सहरुलाई व्यवस्थित बनाउन एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७५(संशोधन सहित) निम्नानुसार कार्यान्वयनको लागि अनुरोध गर्ने ।

क) एम्बुलेन्सको वर्ग अनुसार रङरोगन र न्यूनतम स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने ।

ख) नियमानुसार अनुमति नलिएका एम्बुलेन्सहरुको अनिवार्यरुपमा अनुमति लिने, नविकरण गर्ने र त्रैमासिक प्रतिवेदन स्वास्थ्य कार्यालयमा बुझाउने ।

ग) एम्बुलेन्समा GPS जडान गरी ट्र्याकिङ्ग सिस्टममा आवद्ध गराउने ।

९. एम्बुलेन्स सेवा सहज, सरल र व्यवस्थित बनाउन एम्बुलेन्स सेवा हटलाईन १०२ को क्षेत्र विस्तार गरी काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको ट्र्याकिङ्ग सिस्टम समावेश गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१०. मनसुनको आगमन सँगै जिल्लामा हुन सक्ने प्राकृतिक प्रकोप र हाल फैलिरहेको COVID-19 को प्रकोप रोकथाम तथा नियन्त्रणको लागि जिल्ला संकट व्यवस्थापन समितिबाट पेश भएको मनसुन पुर्वतयारी कार्ययोजना अनुमोदन गर्ने ।

११. हालको परिस्थितिमा अत्यावश्यकखाद्यान्न , औषधि लगायतका वस्तुको आपूर्ति व्यवस्थापन एवं बजार नियमन तथा पसलहरुको समय व्यवस्थापनका लागि सबै स्थानीय तहहरुले आवश्यक सहजीकरण गर्ने ।